Received Date: July 2024 Revised: Aug. 2024 Accepted: Sep.2024

# विभिन्न स्थानमा मनाइने विस्काः जात्रा

बलराम कायस्थ, पिएचडी
सहप्राध्यापक, इतिहास केन्द्रीय विभाग, त्रिवि
balaramkayastha@gmail.com
DOI: 10.3126/hj.v15i2.70683

**सार**

*विस्काः जात्रा भक्तपुरमा मनाइन्छ भन्ने तथ्यसँग प्रायः सबै जानकार भए पनि त्यसै अवसरमा यो जात्रा भक्तपुरका अतिरिक्त त्यस वरपरका अन्य थुप्रै प्राचीन नेवार वस्ती बोडे, थिमी, नगदेश, काभ्रेको सांगा, खड्पु, धुलिखेल र काठमाडौँको टोखा पनि मनाइन्छ । भक्तपुरको मौलिक जात्रा विस्काःको प्रभाव अन्यत्र पर्नुको कारण खोतल्दै जात्राका समग्र गतिविधिलाई अध्ययन गर्दा यो विशुद्ध रूपको धार्मिक जात्रा भएको पुष्टि हुन्छ । धार्मिक पृष्ठभूमिमा आधारित भए पनि यस पछाडिको साँस्कृतिक परम्परामा भने एकरूपता नभै ठाउँ पिच्छे भिन्नता रहेको छ । यसैले यसमा कतै ध्वजारोहणका साथ स्थानीय देवदेवीका खटजात्रा गरेर चाड मनाइन्छ भने कतै खटजात्रा मात्र गरेर विस्काः जात्रा मनाइन्छ, कतै आपसमा फुस्रो सिन्दूर छर्केर, कतै जिब्रो छेड्ने जात्रा गरेर त कतै नदी, कुण्ड आदिमा गएर स्नान, दान, धर्म, पुण्य आदि कार्य गरेर यो जात्रा मनाइन्छ । तर विस्काः जात्राको विशेषता भनेको विशाल विश्वध्वजासहितको लिङ्गो उठाएर जात्रा गर्नु हो । भक्तपुर, बोडे, साँगा, खड्पु र टोखामा लिङ्गो उठाउने परम्परा छ । तर भक्तपुर र टोखामा मात्र विश्वध्वजासहित लिङ्गो उठाइन्छ ।*

*शब्दकुञ्जी :* नेपालमण्डल, भैरव-भद्रकाली, मेष सङ्क्रान्ति, विश्वध्वजा, सांस्कृतिक परम्परा ।

**परिचय**

विस्काः संस्कृतको 'विश्वकेतु' शव्दको अपभ्रंशित रूप मानिन्छ । 'विश्वकेतु' को अर्थ हुन्छ–विश्वध्वजा । प्रत्येक वर्ष चैत्र मसान्तका दिन विश्वध्वजा उत्थान गरी मेष संक्रान्तिका दिन जात्रा गर्ने प्रथा नै विस्काःको प्राचीन रूप हो । यसलाई विश्वयात्रा वा विश्वध्वज जात्रा पनि भन्ने गरिन्छ । यो जात्रा मनाउनाले सर्वत्र सुख, शान्ति, समृद्धि फैलिने, जीव र जगतको कल्याण हुने, शत्रु नाश हुने जस्ता शास्त्रसम्मत कुरा 'गौतमीतन्त्र' नामक प्राचीन ग्रन्थमा उल्लेख भएको पाइन्छ । खगोल विज्ञान र ज्योतिष शास्त्रले पनि उक्त दिन (मेष संक्रान्तिका दिन) विश्व ब्रह्माण्डको केन्द्रविन्दु सूर्य पृथ्वीको भूमध्यरेखा (विषुवत् रेखा) मा पर्ने भएकाले सो दिन विश्वध्वजा फहराएर जात्रा मनाउनाले आरोग्य, सुस्वास्थ्य, समृद्धि, सुभिक्ष प्राप्त हुने विश्वास गरिन्छ । यसरी चैत्र मसान्तका दिन विश्वध्वज लिङ्गो उभ्याएर मेष सङ्क्रान्तिका दिन ढाल्ने जात्रा नै विस्काः भएको थाहा हुन्छ । मौलिक विशेषताले युक्त यो भक्तपुरको ठूलो र प्रमुख जात्रा हो ।

विश्वध्वज लिङ्गो उभ्याएर ढाल्ने जात्रा विस्काःको प्राचीन रूप भए पनि पछि मल्लकालमा आएर यस जात्रालाई भव्य रूप दिनको निम्ति यसमा भैरव र भद्रकालीको रथयात्रासहित अनेक उपजात्रा थपिए । जुन जात्रा मूल जात्राको चार दिनअघिबाट प्रारम्भ भई मूल जात्रा सकिएको चारदिन पछिसम्म चल्ने गर्दछ । यसरी यो जात्रा दुई दिनबाट विस्तार गरी नौ दिनसम्म चल्ने गरियो । किनकि त्यतिखेर नेपाल मण्डलका अन्य दुई राज्य कान्तिपुर र पाटनमा धेरै दिनसम्म चल्ने इन्द्रजात्रा र मत्स्येन्द्रनाथको भव्य जात्रा प्रचलित रहेको तर भक्तपुर राज्यको आफ्नो त्यस्तो कुनै जात्रा नभएकाले परम्परादेखि चल्दै आएको विस्काः जात्रालाई नै भव्यता दिन यसमा उल्लिखित विविध सांस्कृतिक गतिविधिहरू थपेर विस्तृत रूप दिइयो (धौबञ्जार, २०६५) । यसरी ध्वजा फहराएर

विस्काः जात्रा मनाइने प्राचीन परम्परामा भैरवको रथ तान्ने नौलो परम्परा भक्तपुरका मध्यकालीन राजा जगज्योर्तिमल्लले चलाएका थिए (योगी, २०१३) ।

यसबाट विस्काःमा विशाल ध्वजासहितको लिङ्गो ठड्याउने जात्रा मात्र गरिंदैन, काठैकाठबाट निर्मित मन्दिर आकारको भैरव-भद्रकालीको रथ तान्ने जात्रा पनि हुन्छ भन्ने देखिन्छ । अनि सोही क्रममा त्यहाँ अनेक तान्त्रिक विधिविधानले युक्त सांस्कृतिक गतिविधिहरू पनि हुने गर्छन्, जसमा तलेजु मन्दिरभित्र हुने विस्काः सम्बन्धी पूजाविधान, दुमाजुदेवीको पूजा र जात्रा, जोगीचक्र पूजा महत्वपूर्ण मानिन्छ । त्यस्तै, भक्तपुरका टोल-टोलमा हुने अष्टमातृका लगायत स्थानीय देवदेवीका खटजात्राहरू अनि वैशाख ४ गते जात्रा समापनको पूर्व सन्ध्यामा जात्रामा सहभागी हुन आएका नगरका समस्त देवदेवता स्वस्थानमा फर्किनु अघि तिनलाई बिदाइ स्वरूप नगरवासीद्वारा *द्यः सगं बियेगु* (सगुन दिन जाने) चलन पनि निक्कै रोचक रहेको पाइन्छ । धार्मिक पृष्ठभूमिमा आधारित यी सबै क्रियाकलाप मल्लकालीन संस्कृतिका विशिष्ट उदाहरण हुन्, जसमा सम्बन्धित देवदेवीलाई पूजा उपासना र जात्रा गरेर खुसी र सन्तुष्ठ तुल्याई त्यसबाट सबैले मनोरञ्जन प्राप्त गर्ने भन्ने कुरा बोध हुन आउँछ ।

विस्काः मूलरूपले भक्तपुरमा मनाइने भए पनि भक्तपुरका अतिरिक्त अन्य स्थान थिमी, बोडे, नगदेश, काभ्रेको साँगा, खड्पु, धुलिखेल र काठमाडौँको टोखा जस्ता प्राचीन नेवार वस्तीहरूमा मनाइन्छ । नववर्षको आगमनसँगै बडो धुमधामले मनाइने विस्काः जात्राको आफ्नै विशिष्ट पहिचान रहेको छ । नेपालकै एउटा प्रमुख सांस्कृतिक सम्पदाको रूपमा यसलाई लिन सकिन्छ । ध्वजा उत्थान गरी जात्रा गर्ने चलन भक्तपुरको मौलिक परम्परा हो । भक्तपुर कुनै बेला समग्र नेपाल मण्डलको राजधानी रहेको र राजधानी जस्तो ठाउँमा प्रचलित जात्रालाई अन्यत्रका बासिन्दाले अङ्गीकार गरी आफ्नो गाउँ-ठाउँमा पनि यस जात्रा परम्परा बसाल्नु कुनै अनौठो देखिंदैन । तर यो तथ्य अर्थात् विस्काः जात्रा अन्यत्र पनि हुन्छ भन्ने कुरा धेरैले जानकारी छैन । विभिन्न स्थानमा जात्रा अद्यावधि मनाउँदै आएको पाइएकोले यी विभिन्न स्थानमा मनाइने विस्काः जात्राहरूको धार्मिक पक्ष कस्तो छ ? सांस्कृतिक परम्परा कसरी सम्पन्न गरिन्छन् ? ती स्थानहरूका विस्काः जात्राको समानता र भिन्नता के के छन् ? आदिमा अध्ययन केन्द्रीत रहेको छ । जात्रा संस्कृति भनेको स्थानीय वासीको आफ्नो मौलिक पहिचान हो । मौलिक पहिचानले नै कुनै पनि जातजाति, धर्म सम्प्रदायको अस्तित्व जीवन्त राख्दछ । तर आज पहिचानको जगेर्ना गर्ने कार्य निकै चुनौतिपूर्ण देखिएको छ । आयातित संस्कृतिको दबदबाले मौलिक संस्कृति खुम्चदै जाने स्थिति छ । अतः राष्ट्रिय महत्त्वका स्थानीय इतिहास र संस्कृतिको जगेर्ना गर्नुपर्छ भन्ने अभिप्रायले यो अध्ययन गरिएको छ । भक्तपुर लगायत विभिन्न स्थानमा मनाइने विस्काः जात्राहरूका धार्मिक, सांस्कृतिक परम्पराहरूको पुस्तकालयीय ज्ञानका अतिरिक्त स्थलगत अध्ययन, अवलोकनसमेत गरी त्यसमा पाइने समानता र भिन्नता केलाउनु यस अध्ययनको मूल उद्देश्य रहेको छ ।

## विधि

यस लेखमा विभिन्न स्थानमा मनाइने विस्काःजात्रालाई लिएर ती स्थानहरूका बीच समानता र भिन्नतालाई अध्ययन गर्नका निम्ति विश्लेषणात्मक र तुलनात्मक विधि उपयोग गरिएको छ । यस अध्ययनलाई बढी प्रामाणिक र तथ्यपरक बनाउन प्राथमिक स्रोतको रूपमा सम्बद्ध स्थानको स्थलगत अध्ययन, प्रत्यक्ष अवलोकन, अप्रकाशित ग्रन्थको अध्ययन, विषयविज्ञका अन्तरवार्ता लिइएको छ भने द्वितीय स्रोतको रूपमा विभिन्न विद्वान्हरूद्वारा लेखिएका पुस्तक र लेखहरूको अध्ययन गरिएको छ ।

**विस्काः संस्कृतिको प्रभाव**



विस्काः मूलरूपमा भक्तपुरको जात्रा हो । यसमा कुनै विवाद छैन, तर यो जात्रा अन्य स्थानमा पनि मनाउने परम्परा रहेको देखिएबाट ती ठाउँमा यस परम्पराको विकास कसरी भयो भन्ने एउटा महत्त्वपूर्ण प्रश्न उठ्ने गर्दछ । यसको जवाफमा दुईवटा कुरा आउँछ । पहिलो, आफ्ना अधिनस्थ क्षेत्रमा भक्तपुरले आफ्नो सांस्कृतिक प्रभावको विस्तार गर्नु । दोस्रो, भक्तपुरबाट बसाई सरेर गएकाहरूले आफनो जात्रा संस्कृति पनि सँगै लानु । इतिहासको कुनै कालखण्डमा विशेष गरेर पूर्वमध्यकालमा लगभग ३०० वर्षभन्दा अधिक समयसम्म भक्तपुर समग्र नेपाल मण्डलको राजधानी रहेकाले ती स्थान भक्तपुर अधिनस्थ प्रदेश थिए भन्ने कुरामा कुनै शंका छैन (श्री ५ को सरकार, २०३१) । तर विचारणीय कुरा के छ भने विस्काःलाई विविध क्रियाकलापका साथ भव्य रूपले मनाउने परम्परा भने पछिल्लो मल्लकालमा आएर मात्र प्रारम्भ भएको र भक्तपुरका तत्कालीन राजा जगज्योतिर्मल्लले यो जात्रा आफ्नो राज्यक्षेत्र भित्रका विविध ठाउँमा पनि मनाउनु पर्ने परम्परा बसालिदिएको देखिन्छ (लम्साल, २०२३) । अर्को कुरा, भक्तपुरका बासिन्दा भक्तपुरबाट स्थानान्तरण भएर जहाँ-जहाँ पुगे, त्यहाँ-त्यहाँ आज पनि विस्काः जात्रा मनाइरहेको पाइन्छ । यस आधारमा उल्लिखित स्थानहरूमा विस्काः जात्राको प्रचलन भक्तपुरबाट बसाई सरेर गएका बासिन्दाबाट शुरू भएको भन्ने अनुमान तर्कसङ्गत देखिन्छ । इतिहासविद् केदारनाथ प्रधानका अनुसार बनेपामा पनि करीव १०० वर्ष अघिसम्म विस्काःका अवसरमा लिङ्गो उभ्याउने र चुपिंगः भन्ने ठाउँमा नुहाउने प्रचलन रहेको थियो । यो परम्परा भक्तपुरका बासिन्दा यहाँ आइ बस्न थालेपछि प्रारम्भ भएको देखिन्छ । बनेपा दछुटोलका बासिन्दालाई भक्तपुरबाट आइबसेका भनी मानिन्छ र विस्काःलाई यसै टोलका बासिन्दाले मात्र मान्ने गरेबाट सो कुराको पृष्टि हुन्छ (प्रधान, २०४५) । धनवज्र वज्राचार्यका अनुसार काठमाडौँमा पनि यो जात्रा मनाइन्छ । हाल साधारण रूपमा मात्र मनाउने गरिए पनि मल्लकालमा भने विशेष रूपमा मनाउने गरेको तथ्य "वर्षकृति" नामक एउटा थ्यासफूमा उल्लेख भएको पाइन्छ (वज्राचार्य, १९८६) । विस्काःका अवसरमा त्यहाँ दुमाजुदेवीको खटजात्रा हुनुका साथै मानन्धरद्वारा लिङ्गो गाड्ने र ढाल्ने काम पनि गरिन्छ । वैशाख सङ्क्रान्तिकै दिन यो जात्रा सम्पन्न गरिने भएकोले यो विस्काः जात्राकै एक रूप हो भन्ने देखिन्छ (वज्राचार्य, २०३३) । कान्तिपुरका मल्ल शासक भक्तपुरबाटै छुट्टिएर गएका हुनाले त्यहाँ पनि यो जात्रा परम्परा बसालिएको तथ्य थाहा हुन आउँछ ।

उपर्युक्त तथ्यहरूको आधारमा भक्तपुरको विस्काः जात्राको प्रभावको फलस्वरूप वरपरका अन्य क्षेत्रहरूमा पनि विस्काः जात्रा मनाउने परम्परा थालनी हुन गएको देखिन्छ, तर सबैभन्दा महत्त्वपूर्ण र तर्कसंगत यथार्थता के हो भने कुनै पनि स्थानको संस्कृति कसैको नीजि पेवा हुँदैन "एक स्थानको संस्कृतिको प्रभाव त्यसको महत्त्व र उपयोगिता हेरेर अन्य स्थानमा पनि परेको" थुप्रै उदाहरण पाइन्छन् । त्यसमाथि समान भाषा, धर्म, संस्कृति अंगालेका एउटै जातिका मानिसहरूले राजनीतिक रूपमा मात्र नभएर सांस्कृतिक गतिविधिहरूको समेत केन्द्र मानिने राजधानी शहर भक्तपुरको प्रसिद्ध जात्रालाई आफ्ना गाउँठाउँमा पनि मान्ने परम्परा उपर्युक्त स्थानका स्थानीय बासिन्दाका प्राचीन पुर्खाले प्रारम्भ गरेको बुझिन्छ । यसलाई सांस्कृतिक प्रभावको विकसित लहर मान्न सकिन्छ । यसरी भक्तपुरकै विस्काः जात्राको प्रभावको फलस्वरूप अन्य क्षेत्रमा पनि यसको परम्परा बस्न गएको तथ्य स्पष्ट हुन्छ ।

भक्तपुरका अतिरिक्त विस्काः पर्वलाई हर्षोल्लासपूर्वक मनाउने विभिन्न स्थानमध्ये निम्न स्थान प्रमुख रूपमा रहेका छन् । जहाँका स्थानीयवासीले बर्सेनि आफ्नै किसिमले विस्काः मनाउने गर्छन् । जसलाई निम्नअनुसार उल्लेख गर्न सकिन्छ ।

**विभिन्न स्थानमा मनाइने विस्काः जात्रा**

थिमी, बोडे, नगदेशमा पनि विस्काः जात्रा भव्य रूपले मनाइन्छ । तथापि भक्तपुरको विस्काः जात्रासँग यहाँको विस्काः जात्राको कुनै तादाम्यता रहेको पाइँदैन । थिमी जात्राको प्रमुख देवी बालकुमारी हुन् । यसैले यस जात्रालाई बालकुमारी जात्रा पनि भन्ने गरिन्छ । थिमी भेकको जात्रा मूल रूपले बैशाख २ गते हुने गर्छ, तर त्यसो भए पनि त्यसको दुई दिन अघिबाटै जात्रासम्बन्धी गतिविधि प्रारम्भ हुन थाल्छ । यसक्रममा जात्रामा सम्मिलित हुने थिमी र नगदेशका समस्त देवीदेवतालाई आ-आफ्नो देवगृहको मूलस्थानबाट तल दलानमा ल्याउँदा तिनको सम्मानमा प्रत्येक घरले पूजाभाग पठाउने गर्छन् । साँझपख सबै देवदेवतालाई खटजात्रा गरी टोल परिक्रमा गराएपछि बालकुमारीका साथै प्रत्येक टोलको मन्दिर अगाडि *गुसीं छोयकेग*" भनेर वनबाट ल्याएको दाउरा बाली धुनी जगाउने र सम्हेय्बजी बाँड्ने परम्परा छ ।



विस्काः जात्राका दिन वैशाख २ गते बिहान बालकुमारी लगायत यहाँका विविध देवीदेवताका खट बाजागाजासहित जात्रा गरेर बालकुमारी मन्दिर प्राङ्गणमा ल्याएर विश्राम गराइन्छ । यसपछि सबै खटमा रहेका देवदेवतालाई बालकुमारी मन्दिरको प्रसाद चढाइन्छ ( धौबञ्जार, २०६५) । तत्पश्चात् सामूहिक खटयात्रा प्रारम्भ हुन्छ । सबै खट उठाइसकेपछि एकसाथ भव्य जात्रा गरी बालकुमारी मन्दिरमा तीन पटकसम्म लहरै परिक्रमा गराइन्छ । जात्रामा सम्मिलित व्यक्ति आपसमा फुस्रो सिन्दूर छर्केर जात्रा मनाउने गर्छन् (गडम्यान, १९८१) । त्यसपछि खटमा सवार सबै देवदेवीलाई यथास्थानमा फर्काएपछि जात्रा सम्पन्न भएको मानिन्छ ।

यसरी थिमी र नगदेशको विस्काः जात्रा भनेको वस्तुतः स्थानीय रूपमा प्रख्यात देवदेवताका खटजात्रा भन्ने देखिन्छ । जस्तो कि नगदेशको सिद्धिगणेश र थिमीको बालकुमारी स्थानीय रूपमा प्रख्यात देवदेवता हुन्, जसको सम्मानमा बर्षेनि विस्काः जात्राका अवसरमा स्थानीय बासिन्दाले भव्य रूपमा जात्रा मनाउने गर्छन् । तर सँगै रहेको बोडे गाउँमा भने यस अवसरमा खटजात्राका अतिरिक्त लिङ्गो उभ्याउने र जिब्रो छेड्ने जात्राहरू पनि हुन्छन् ।




थिमी र नगदेशमा जस्तै बोडेमा पनि विस्काः जात्रा वैशाख २ गते हुने गर्छ, जुन जात्रा जिब्रो छेड्ने जात्राको रूपमा प्रसिद्ध छ । यद्यपि जात्राको विधिविधान मेष सङ्क्रान्तिको ४ दिन अघिबाटै शुरु हुने गर्छ । त्यसबेला यहाँ नीलवाराही र महालक्ष्मीको विशेषपूजा सम्बद्ध गुठीयारद्वारा गरिन्छ (श्रेष्ठ, २०५७) । चैत्र मसान्तका दिन यहाँ पनि लिङ्गो ठड्याउने गरिन्छ । यसैदिन बेलुका *गुसीं छोयुकेगु* भनेर वनबाट ल्याएको काठको मुढा बाल्ने गर्छन् । यो बाल्ने कार्य विशेष गरेर जिब्रो छेडाउने व्यक्ति जुन टोलको हो, त्यही टोलमा गरिन्छ । यसपछि कर्मी नाइकेले जिब्रो छेडाउने

व्यक्तिलाई ढाढस दिँदै धुनीको टीका र फूल प्रसाद लगाइदिएर सम्हेय्बजी खान दिन्छन् (श्रेष्ठ, २०५७) । यसपछि त्यो व्यक्ति शुद्ध र चोखो भई एकदिन अघिबाट निराहार बस्छ (गडम्यान, १९८१) । मेष संक्रान्तिका दिन बिहान महालक्ष्मी स्थानमा *पस्ता थायगु* भनेर बाजागाजासहित भजनकीर्तन हुनेगर्छ (श्रेष्ठ, २०५७) ।

वैशाख २ गते जिब्रो छेड्ने जात्रा बोडेस्थित पाँचौं गणेश मन्दिर प्राङ्गणबाट शुरु हुन्छ । नाइके कर्मीले फलामको सुइरो जिब्रो छेडिने व्यक्तिको जिब्रोमा छेडेपछि त्यसले अर्धचन्द्राकारको महादीप बाली आफ्नो काँधमा बोकेर बोडे शहरको यात्रा थाल्दछ । स्थानीय देवदेवताका खटजात्रा पनि पछि लागेको हुन्छ । अन्त्यमा जहाँबाट जात्रा शुरु गरेको हो, त्यहीं आएर समाप्त हुन्छ । जिब्रो छेडाए बापत पारिश्रमिकको रूपमा केही नपाए पनि मृत्युपश्चात् स्वर्ग पाउने धार्मिक विश्वासले गर्दा बोडेमा आजसम्म जिब्रो छेड्ाउने व्यक्तिको अभाव हुन गएको छैन (गडम्यान, १९८१) । यसरी बोडेमा हुने विस्काः जात्राले एउटा छुट्टै अस्तित्व बोकेको देखिन्छ । यस जात्राको उत्पति सम्बन्धमा एउटा रोचक किम्बदन्ती जोडिएको भएता पनि यथार्थमा एउटा पृथक र रोमान्चक ढङ्गको प्रस्तुति प्रस्तुत गर्ने क्रममा नै यहाँ जिब्रो छेड्ने परम्परा बस्न गएको देखिन्छ, जसले स्थानीय जात्रामा रौनकता थपेको छ ।

विस्काः जात्रा साँगामा पनि मनाइन्छ । साँगा उपत्यका पस्ने पूर्वी नाका हो । विस्काःका अवसरमा यहाँ लिङ्गो उभ्याउनुका साथै भैरव, गणेशको खटयात्रा र नासिका भगवतीको पूजा-आराधना गर्ने चलन छ (प्रधान, २०४५) । तर भक्तपुरको जात्रासँग तुलना गर्दा यहाँको जात्राविधिमा अलि भिन्नता देखिन्छ । भक्तपुरमा लिङ्गो उभ्याउनुभन्दा अघि र लिङ्गो ढालिसकेपछि पनि भैरव-भद्रकालीको रथजात्रा हुन्छ, तर सांगाको विस्काः जात्रामा लिङ्गो उभ्याएपछि मात्र खटजात्रा प्रारम्भ गरी लिङ्गो ढाल्नु पूर्व नै खटजात्रा समाप्त गरिन्छ । यस्तै गरी यी दुई स्थानको लिङ्गो ढाल्ने समयमा पनि अन्तर छ । भक्तपुरमा वैशाख १ गते लिङ्गो ढाल्छ, तर साँगामा वैशाख ४ गते मात्र ढाल्ने परम्परा छ, त्यसो त बोडेमा पनि चैत्र मसान्तका दिन उभ्याएको लिङ्गो वैशाख ५ गते मात्र ढाल्ने गरिन्छ ।

विस्काःको महत्वपूर्ण पक्ष लिङ्गो उभ्याउनु हो, जुन काम यहाँ चैत्र मसान्तका दिन हुन्छ । लिङ्गो उभ्याइसकेपछि खटजात्रा प्रारम्भ हुन्छ । यस क्रममा त्यहाँ स्थानीय देवदेवतालाई पशु चौपायाहरूको बलि चढाएर विधिवत् पूजा गरिन्छ । भोलिपल्ट बिहान (वैशाख सङ्क्रान्तिको बिहान) मन्दिरबाट ती देवदेवतालाई आ-आफ्नो खटमा राखी जात्रा गरी गाउँ घुमाइन्छ । खटजात्रा पश्चात् सोही राति पूजारीले श्वेतभैरव र नासिका भगवतीको मन्दिरमा बत्ती बाल्छन् । वैशाख २ गते तीनवटै देवदेवताका खटहरू दथु टोलको डबलीमा लगिन्छ । त्यहाँ पुजारी, भक्तजन सबैले एक आपसमा सिन्दूर छर्केर जात्रा मनाउँछन् । यसबाट सिन्दूर जात्रा थिमीको विस्काः जात्रामा मात्र नभएर साँगाको विस्काः जात्रामा पनि हुने रहेछ भन्ने कुरा थाहा हुन्छ । सिन्दूर जात्रा सकिएपछि ती खटहरू कोटघर अगाडि ल्याएपछि गणेशको खटलाई डबलीमा विश्राम गराएर भैरव र कुमारीको खट जुधाउने परम्परा छ (धौबञ्जार, २०६५) । यसबाट देवता सवार खट परस्परमा जुधाउने परम्परा भक्तपुरमा मात्र नभएर यहाँ पनि हुने रहेछ भन्ने देखिन्छ । वैशाख ३ गते जात्रासम्बन्धी कुनै क्रियाकलाप नभएता पनि यस दिन यहाँका प्रत्येक घरबाट सबै देवदेवता कहाँ *बिचा*पूजा गर्न जाने चलन छ । वैशाख ४ गते साँझपख विस्काः जात्राको समापनको क्रममा चैत्र मसान्तका दिन उभ्याइएको लिङ्गो विधिपूर्वक ढालिन्छ । तत्पश्चात् भैरव, कुमारी र गणेशको सामान्य पूजा गरी तिनलाई आ-आफ्ना देवगृहमा भित्र्याएसँगै साँगामा सो वर्षको विस्काःजात्रा सम्पन्न भएको मानिन्छ ।



काभ्रेको बनेपा बजारबाट २ कि.मी. दक्षिणमा अवस्थित प्राचीन बस्ती खड्पु (श्रीखण्डपुर)मा पनि बर्षेनि विस्का:का अवसरमा लिङ्गो उभ्याएर भैरवका साथै अन्य देवदेवताको खटजात्रा गरेर विस्का: पर्व मनाउने चलन छ (प्रधान, २०४५) । यहाँ मनाइने विस्का: जात्राको स्वरूप थोरबहुत भक्तपुरको विस्का: जात्रासित मेल खाए पनि जात्रा संचालन विधि भने केही फरक छ । यहाँ लिङ्गो उभ्याउँदा एक जोडी ध्वजा झुण्ड्याउने चलन छैन । केवल एउटा लिङ्गो मात्र उभ्याउने गरिन्छ । भक्तपुरमा भैरव र भद्रकालीका दुई वटा रथ जात्रा गरिन्छ । तर यहाँ भने एउटै खटमा राखी भैरव, कुमार र गणेशको जात्रा गरिन्छ । किनभने यी तीन देवताको मूर्ति एउटै धातुको पातामा बनेको हुँदा एउटै खटमा राखी जात्रा गर्ने गरेको हो (धौबञ्जार, २०६५) । अर्को कुरा, भक्तपुर र साँगामा *द्य: क्वहाँ बिज्याकिगु* कार्यक्रम चैत्र मसान्तको ४ दिन अगाडि हुन्छ र मसान्तको दिन लिङ्गो उभ्याइन्छ । तर यहाँ भने मसान्तको अघिल्लो दिन लिङ्गो उभ्याउने र त्यसपछि मात्र *द्य: क्वहाँ बिज्याकिगु* कार्य गरिन्छ । लिङ्गो ढाल्ने कार्य पनि यहाँ वैशाख ५ गते मात्र हुन्छ । लिङ्गो ढाल्ने काम बोडे र यहाँ (श्रीखण्डपुरमा) एकै दिन हुन्छ । यसरी यहाँको स्थानीय विस्का: जात्रा प्रत्येक वर्ष चैत्र मसान्तको एक दिन अघिदेखि शुरु भएर वैशाख ५ गतेसम्म चल्छ । यहाँको जात्रामा पाइने अर्को रोचक पक्ष के छ भने जात्राका प्रमुख देवताका धार्मिक पूजापाठ हिन्दू र बौद्ध पूजारी क्रमश: आचाजु (कर्माचार्य) र गुभाजु (वज्राचार्य) मिलेर गर्दछन् । दुवै पूजारी जात्रामा सँगसँगै सम्मिलित भएर धार्मिक अनुष्ठानहरू सम्पन्न गर्छन् । यसलाई धार्मिक सहिष्णुताको सुन्दर नमूनाको मान्न सकिन्छ, तर यस्तो परम्परा अन्त पाइँदैन ।

श्रीखण्डपुरमा जात्राको शुभारम्भ चैत्र मसान्तको अघिल्लो दिन लिङ्गोलाई पशुबलि दिएर विधिवत् पूजा गरेपछि सबै मिलेर हर्षउल्लासका साथ लिङ्गो उभ्याएपछि हुन्छ । त्यसको भोलिपल्ट भैरव, कुमार, गणेशलाई मूल देवगृहबाट तल ल्याई खटमा राखी जात्रा गरेर लिङ्गोस्थल पुऱ्याइन्छ । यसलाई *द्य: क्वहाँ बिज्याकिगु* भनिन्छ । वैशाख १ गते सम्बद्ध पूजारीले जात्रामा सहभागी देवताको विधिपूर्वक पूजा गर्छन् । जात्राको मुख्य दिन वैशाख २ गते बिहान भैरवलाई खटजात्रा गरेर स्थानीय दरबार इलाकाको डवलीमा पुऱ्याएपछि सम्बद्ध गुठीयारलगायत अन्यले आफ्नो श्रद्धा र इच्छाअनुसार गरिब दीनदु:खीहरूलाई खाद्यवस्तु दान गर्छन् । यसलाई 'कलंदान' भनिन्छ ( धौबञ्जार, २०६५) । वैशाख २ गते खटजात्रा सकिएपछि भैरवलाई मूल देवगृहमा फर्काइन्छ । ३ र ४ गते श्रीखण्डपुरको प्रत्येक घरबाट भैरवकहाँ पूजा गर्न जाने चलन छ । वैशाख ५ गते आवश्यक पूजापाठ गरिसकेपछि स्थानीय जनसमुदायद्वारा चैत्र मसान्तको अघिल्लो दिन उभ्याइएको लिङ्गो विधिपूर्वक ढालिन्छ । यसका साथै सो वर्षको स्थानीय विस्का: जात्रा समाप्त हुन्छ ।

धुलिखेलको विस्का: जात्रा थिमी र नगदेशमा झैं केवल खटजात्रामा सीमित छ । यहाँ सञ्चालन हुने जात्रासम्बन्धी गतिविधिले कतैबाट पनि विस्का:को भाव देखाउँदैन, तैपनि विस्का:जात्रा नै भन्ने गरिन्छ । जुन जात्रा चैत्र मसान्तको ४ दिन अघिबाट प्रारम्भ भई वैशाख ४ गते सम्पन्न हुन्छ । यहाँ लिङ्गो उभ्याउने र ढाल्ने चलन छैन, त्यसैले यहाँको विस्का: जात्रा भक्तपुरको भन्दा भिन्न प्रकारको छ । यहाँको विस्का: जात्रामा स्थानीय देवीदेवतालाई एउटै खटमा राखेर जात्रा गरिन्छ ।

पहिलो दिनको सांस्कृतिक कार्यलाई भक्तपुरमा झैं *द्य: क्वहाँ बिज्याकिगु* नै भनिन्छ, तर त्यस दिन यहाँ गरिने कार्य अन्य सात स्थानहरूको भन्दा बेग्लै किसिमको हुन्छ । जात्रामा सम्मिलित गराइने स्थानीय देवीदेवताका आकृतिमा *गोजा*को मूर्ति बनाइ पूजारीको घरबाट कुस्लेको बाजागाजासहित स्थानीय भक्तजनहरू मिलेर कोटखिल भन्ने ठाउँमा लगेर स्थापना गरिन्छ । यसरी *गोजा द्य:* लानुको अर्थ जात्रा सञ्चालनको निमन्त्रणा दिनु हो (धौबञ्जार, २०६५) । यहाँ पनि विस्का:को बेला *गुसी* (काठको मुढो) बाली धुनी जगाउने चलन छ । यहाँ लिङ्गो जात्राको चलन नभएता पनि जात्राको मुख्य दिन भनेको भक्तपुरमा जस्तै चैत्र मसान्त र वैशाख सङ्क्रान्ति नै हो । चैत्र मसान्तको साँझपख देवीदेवताका मूर्तिलाई सजाइएको खटमा राखेर जात्रा गर्दै उही नवदुर्गासहितको भैरव मन्दिर भएको कोटखिलमा पुऱ्याइन्छ । त्यहाँ गुभाजु पूजारीले परम्परागत ढंगले पाठपूजा गरी पाठी बलि दिन्छन् । राति त्यहाँ मृत आत्माको नाममा *सम्हेय्बजि* छर्ने परम्परा छ (धौबञ्जार, २०६५) । किनकि यो देवस्थल

नजिक लहरै तीन वटा चिहान रहेका छन् । जात्राको खुसीयालीमा यस दिन यहाँ *कुछिभ्वय* भनेर भोज खाने चलन छ, । भोलिपल्ट बिहान संक्रान्तिका दिन धुलिखेलका प्रत्येक घरबाट त्यहाँ राखिएका देवीदेवताकहाँ पूजा गर्न जाने परम्परा छ । यसैदिन गोखुरेश्वरबाट महादेवलाई पनि खटमा राखी जात्रा गर्दै ल्याइन्छ । यस्तै गरी अघिल्लो दिन कोटखिल लगिएका देवदेवीलाई खटमा राखेर पुनः जात्रा गरी फिर्ता ल्याइन्छ । जात्राको क्रममा त्यहाँ महादेव र भैरवको खट जुधाइन्छ । त्यसपछि दुवै खटलाई जात्रा गर्दै धुलिखेल बजार परिक्रमा गराइन्छ । जात्राको कार्यक्रम सकिएपछि देवतालाई आ-आफ्नै स्थानमा लगेर राखिन्छ । वैशाख २ र ३ गते जात्रासम्बन्धी कुनै कार्य हुँदैन । तर ४ गते भैरवलाई पूजारीको घरबाट पुनः तल ल्याई खटमा राखेर जात्रा गरिन्छ । महादेवको पनि खटजात्रा गरिन्छ । साथै पुनः खट जुधाउने कार्य हुन्छ । यसपछि देवीदेवताका प्रतिमालाई आ-आफ्नै स्थानमा राख्न लगिन्छ । विडम्बनाको कुरा के छ भने अन्य स्थानमा झैं यहाँको जात्राका प्रमुख देवीदेवताका आफ्ना देवगृह पनि छैन, मन्दिर पनि छैन, यसैले देवता पूजारीकै घरमा राखिन्छ । अर्को कुरा जात्रामा यी देवीदेवताको पूजाआजा कर्माचार्यले नभै गुभाजुले गर्दछन्, जो पनौतिबाट झिकाइएका हुन्छन् (श्रेष्ठ, २०४५) ।

विस्काः जात्रा काठमाडौंको टोखामा पनि मनाइन्छ । यहाँको विस्काः जात्रामा लिङ्गो उभ्याएर ढाल्ने, स्थानीय देवीदेवताका खटजात्रा गर्ने अनि सपनतीर्थमा स्नान गर्ने यी तीनवटा पक्षहरू पाइन्छन् । टोखाको विस्काः जात्रामा भक्तपुरमा झैं लिङ्गो उभ्याउने परम्परा रहे पनि त्यो चैत्र मसान्तका दिन नभएर पासा *चह्रे* ( चैत्रकृष्णचतुर्दशी)कै दिन उभ्याएर वैशाख ५ गते मात्र ढालिन्छ । तर लिङ्गो उभ्याउँदा यहाँ एउटा मात्र ध्वजा लिङ्गोका साथ फहराइन्छ । यसरी उक्त दिन यहाँ लिङ्गो उभ्याए पनि विस्काः जात्राका प्रमुख सांस्कृतिक कार्य भने अन्यत्र झैं चैत्र मसान्तकै दिनबाट प्रारम्भ हुन्छ । चैत्र मसान्तका दिन टोखाका स्थानीय देवीदेवता चण्डेश्वरी, सपनतीर्थ गणेश र कालीलाई छुट्टाछुट्टै खटमा राखी जात्रा गरिन्छ । भोलिपल्ट वैशाख १ गते नजिकैको सपनतीर्थ नदीमा मेला लाग्दछ । त्यसदिन सो नदीमा स्नान गर्नाले निरोगी भइन्छ भन्ने विश्वास गरिन्छ । देवीदेवताका खटजात्रा २, ३ र ४ गते हुन्छ भने लिङ्गो जात्राको समापन वैशाख ५ हुन्छ ।

यसप्रकार उपर्युक्त तथ्यका आधारमा विस्काः जात्रा भक्तपुरमा मात्र नभएर वरपरका अन्य प्राचीन नेवार वस्तीमा पनि मनाइए पनि तिनमा सांस्कृतिक एकरूपता रहेको पाइँदैन । वस्तुतः आ-आफ्नो स्थान विशेषका प्रख्यात देवीदेवताका सम्मानमा यो जात्रा गर्ने गरिएको बुझिन्छ । जस्तो कि थिमीमा बालकुमारी, नगदेशमा सिद्धिगणेश, बोडेमा महालक्ष्मी, सांगामा नासिका भगवती आदि ।

**तुलनात्मक अध्ययन**

भक्तपुर र अन्य स्थानमा मनाइने विस्काः जात्रा बीच तुलनात्मक रूपमा अध्ययन गरेर हेर्दा यसमा केही कुरामा समानता र केही कुरामा भिन्नता रहेको पाइन्छ, जसलाई निम्न अनुसार उल्लेख गर्न सकिन्छ । भक्तपुर लगायत माथि उल्लिखित सातवटै स्थानमा मनाइने विस्काः जात्राको स्वरूपलाई दृष्टिगत गर्दा यो जात्रा विशुद्ध रूपको धार्मिक जात्रा हो भन्न सकिन्छ । स्थानीय रूपमा प्रख्यात देवीदेवताका सम्मानमा यो जात्रा गर्ने गरिएको छ । जस्तो कि भक्तपुरको सन्दर्भमा भैरव, भद्रकाली, थिमीमा बालकुमारी, नगदेशमा सिद्धिगणेश, बोडेमा महालक्ष्मी, साँगामा नासिकाभगवती, श्रीखण्डपुरमा श्वेतभैरव, धुलिखेलमा भैरव, काली, महादेव, टोखामा मसानकाली, सपनतीर्थ गणेश आदि आ–आफ्ना इलाकाका शक्तिशाली देवता मानिन्छन् । विस्काः पर्वका अवसरमा तिनै देवीदेवताका जात्रा स्थानीय स्तरमा गरिन्छ । यसरी विस्काःमा यी देवीदेवतालाई विधिपूर्वक खटमा राखेर बाजागाजासहित धुमधामले जात्रा गर्नुको अर्थ सम्बन्धित देवदेवीलाई सन्तुष्ट तुल्याई तिनको संरक्षण आफू, आफ्नो परिवार, गाउँबस्ती र सिङ्गो राज्यलाई नै प्राप्त भइराखोस् भन्ने हो (शर्मा, २०३४) ।

नेवार समाजमा कुनै पनि शुभ कार्य गर्दा गणेशलाई महत्त्वपूर्ण स्थान दिइन्छ अर्थात् सर्वप्रथम गणेशको पूजा नगरी अरु देवीदेवताका पूजा गर्दा फल प्राप्त हुँदैन भन्ने मान्यता पाइन्छ (अर्याल, १९९६) । यसैकारण उल्लेखित सबै ठाउँका विस्काः जात्रामा पनि स्थानीय रूपमा प्रख्यात देवीदेवताका जात्रा गर्दा सँगसँगै गणेशको समेत खटजात्रा गर्ने परम्परा रही आएको छ ।

यस अवसरमा भक्तपुरमा वर्षको अन्तिम दिन अपार जनसमुदाय माझ लगभग ५५ हात लामो र नाङ्लो जत्रो फेद भएको जोडी ध्वजासहितको विशाल लिङ्गो उभ्याएर त्यसको भोलिपल्ट ढाल्ने परम्परा छ । तर त्यस्तो परम्परा उल्लिखित सबै स्थानका विस्काः जात्रामा रहेको पाइँदैन । विशेष गरेर थिमी, नगदेश, धुलिखेल जस्ता इलाकाको विस्काः जात्रामा लिङ्गो उभ्याउने प्रचलन छैन । लिङ्गो उभ्याउने परम्परा भएका ठाउँमा पनि समानता वा एकरूपता भेटिंदैन । कतै ध्वजाविहिन लिङ्गो मात्र, कतै एउटा मात्र ध्वजासहितको लिङ्गो, कतै जोडी ध्वजासहितको लिङ्गो उभ्याउने जस्ता ठाउँ पिच्छेका फरक फरक चलन रहेको देख्न सकिन्छ । उदाहरणार्थ भक्तपुरमा ध्वजा भएको र नभएको लिङ्गोहरू, श्रीखण्डपुरको विस्काः जात्रामा ध्वजाविहिन केवल एउटा लिङ्गो मात्र उभ्याइन्छ, टोखामा एउटा मात्र ध्वजा भएको लिङ्गो उभ्याइन्छ भने बोडे र साँगामा जोडी ध्वजासहितको लिङ्गो उभ्याउने चलन रहेको देख्न सकिन्छ । अनि लिङ्गो उभ्याउने र ढाल्ने समय तालिकामा पनि एकरूपता पाइँदैन । कतै चैत्र मसान्तका दिन उभ्याएर वैशाख सङ्क्रान्तिका दिन ढालिन्छ कतै ४ गते, कतै ५ गते ढाल्ने परम्परा रहेको पाइन्छ । टोखामा त चन्द्रमान तिथिअनुसार *पासाचह्रे* (चैत्रकृष्णचतुर्दशी) कै दिन विस्काःको लिङ्गो उभ्याउने गरिन्छ । यसरी सबैतिरको विस्काःमा लिङ्गो उभ्याउने र ढाल्ने समय तालिकामा समानता पाइँदैन ।

विस्काःको खटजात्रा सम्बन्धमा पनि समानता भेटिंदैन । बलदेव जुजुका अनुसार काठमाडौं उपत्यका र उपत्यका वरपरका नेवार गाउँ बस्तीमा वार्षिक रूपमा गरिने देवीदेवताका खटजात्रामा प्रयोग गरिने *खः* (खट)हरू निर्माणशैलीका आधारमा मुख्यतः दुई प्रकारको हुन्छन् । जस्तो– चक्रयान र नरयान । चक्रयान भन्नाले पाङ्ग्रासहितको रथ भन्ने बुझिन्छ, जसलाई डोरीद्वारा तानेर गुडाइन्छ । यसको विपरीत मानिसले बोकेर जात्रा गरिने सानो-सानो मन्दिर आकारको खट, जसमा देवता विराजमान गराइ जात्रा गरिन्छ, त्यसलाई नरयान भनिन्छ (जुजु र श्रेष्ठ, ने.सं.११०५) । यसदेखि बाहेक देवता सवार हुने अर्को सानो खालको खट पनि हुन्छ, जसलाई वायुयान वा विमानखट भनिन्छ । भक्तपुरको विस्काःमा भैरव–भद्रकालीका विशाल पाङ्ग्रावाल रथलाई प्रतिस्पर्धापूर्ण ढंगले तानेर जात्रा मनाइन्छ । तर यस्तो पाङ्ग्रावाल रथ तान्ने जात्रा अन्य स्थानको विस्काः जात्रामा पाइँदैन । केवल मानिसले बोकेर गरिने खटजात्रा मात्र हुन्छ । अर्को कुरा भक्तपुरको विस्काः जात्रामा जुन प्रकारको वैभवता, शालीनता, भव्यताका साथ विविध गतिविधि सञ्चालन गरेर जात्रा मनाइन्छ त्यस्ता विविधता र भव्यता अन्य क्षेत्रका जात्रामा पाइँदैन । वस्तुतः भक्तपुरको यो जात्रा राज्यस्तरिय मान्यता प्राप्त जात्रा हो । यसैकारण यसको सञ्चालन, नियन्त्रण, रेखदेख आदि सबै परम्परागत गुठीका अतिरिक्त सरकारी निकायबाट समेत हुने गर्दछ । अझ यसभन्दा पनि महत्त्वपूर्ण कुरा के छ भने राजाको प्रतीकस्वरूप रहेको राजकीय खड्ग केन्द्र (काठमाडौं) बाट भक्तपुर नल्याइकन यो जात्रा प्रारम्भ गरिँदैन । नेवार सांस्कृतिक गतिविधिको मूलकेन्द्र मानिने तलेजु मन्दिरबाटै यस जात्राको संचालन हुने, तलेजुमै पनि यस अवसरमा विश्वजात्रा सम्बन्धी पूजा अनुष्ठान हुने, तलेजुकै पूजारी ब्राम्हणहरूले क्रमशः राजा र मन्त्रीको भूमिकामा हातमा खड्ग लिएर रथमा सवार नभएसम्म जात्रा प्रारम्भ नहुने जस्ता दृष्टान्तले यो जात्रा यथार्थमै राज्यस्तरिय मान्यता प्राप्त जात्रा हो भन्ने कुरा स्पष्ट हुन्छ । तर अन्य स्थानका स्थानीय बासिन्दाले आफ्ना क्षेत्रका प्रसिद्ध देवीदेवताको जात्रा गरेर यो विस्काः पर्व मनाउने गरेको भए पनि भक्तपुरको जस्तो भव्य रूपको जात्रामय वातावरण अन्य स्थानमा पाइँदैन ।

विस्काःजात्राका अवसरमा भक्तपुरमा मृतआत्माको शान्तिका लागि तान्त्रिक विधियुक्त पूजा-अनुष्ठानहरू पनि सम्पन्न गरिन्छ, जसलाई *घासापालु* वा जोगीचक्र पूजा भनिन्छ । तर यस्ता पूजाहरू अन्य स्थानका विस्काः जात्रामा देख्न सकिंदैन तर पनि धुलिखेलको विस्काः जात्रामा भने स्थानीय खटजात्रा कोटखिल डाँडामा पुगेपछि स्थानीय भक्तजनले मृतआत्माको नाममा *सम्हेय्बजि* छर्ने परम्परा छ ।

खटजात्राको क्रममा भक्तजनहरू बीच एक आपसमा सिन्दूर छर्केर होली खेल्ने परम्परा भक्तपुरको विस्काः जात्रामा देखिँदैन । तर यस्तो परम्परा थिमी र साँगाको विस्काः जात्रामा देख्न सकिन्छ । साथै थिमी, नगदेश, बोडे जस्ता इलाकाको विस्काः जात्रामा जात्राको पूर्व सन्ध्यामा देवीदेवताका मन्दिर सामु *गुसीं छ्योयकेगु* भनेर वनबाट ल्याएको दाउरा बालेर धुनी जगाउने परम्परा छ । तर त्यस्तो परम्परा भक्तपुरमा पाइँदैन ।

यसक्षेत्रकै सबभन्दा रोमान्चक जात्राको रूपमा रहेको बोडेको जिब्रो छेड्ने जात्रा विस्काःको एउटा महत्त्वपूर्ण पक्ष हो, जुन बोडेमा मात्र हुने गर्छ, यद्यपि यस्तो जिब्रो छेड्ने परम्परा वर्षको एकपटक इन्द्रजात्राको भोलिपल्ट थिमीमा पनि पाइन्छ (जोशी, २०६०) । तर पनि बोडेको जिब्रो छेड्ने जात्राकै ख्याति चारैतिर फैलिएको छ ।

भक्तपुरमा यो जात्रा परापूर्वकालदेखि स्थापित विविध किसिमका गुठी व्यवस्थाको माध्यमबाट सञ्चालन हुँदै आएको छ भने अन्यत्रका विस्काः जात्रामा जात्रा सञ्चालनका लागि यस्तो व्यवस्थित गुठी रहेको पाइँदैन । स्थानीय जनसहयोग र सहभागिताबाट नै जात्रा सम्पन्न हुने गर्छ ।

## निष्कर्ष

विविध स्थानमा मनाइने विस्काः जात्राको समग्र स्वरूपलाई दृष्टिगत गर्दा ती सबै जात्रा धार्मिक पृष्ठभूमि र स्थानीय मौलिक सांस्कृतिक परम्परामा आधारित देखिन्छन् । भक्तपुरमा भैरव-भैरवीको सम्मानमा यो जात्रा मनाए झैं अन्यत्र पनि स्थानीय प्रख्यात देवीदेवताका सम्मानमा यो जात्रा गरिन्छ । जात्रा मनाउने तौरतरिका फरक फरक भए पनि उद्देश्य भने प्रायः एउटै रहेको पाइन्छ अर्थात् देवीदेवताका पूजापाठ, जात्रा गरी आत्मिक शान्ति लिने र खुसी साटासाट गरी आपसमा रमाइलो गर्ने । वस्तुतः शदीयौंदेखि आफ्ना पुर्खाले मान्दै आएका देवीदेवताका पूजाउपासना र जात्रा मनाउनाले मनमा आध्यात्मिक शान्तिको अनुभूति मिल्ने, सर्वत्र सुख, शान्ति, समृद्धि फैलिने र मनोवान्छित फल प्राप्त हुने, दुर्भिक्ष नाश हुने आदि विश्वासले गर्दा आजसम्म उल्लिखित सबै स्थानमा यस परम्पराले निरन्तरता पाउँदै आएको छ । विस्काः जात्राको मूल विशेषता पनि लिङ्गो उभ्याएर ढाल्ने अनि स्थानीय रूपमा मान्दै आएका संरक्षक देवीदेवताका रथजात्रा, खटजात्रा सम्पन्न गर्ने भन्ने बुझिन्छ । वर्षको एकपटक मनाइने यस जात्रा प्रति स्थानीय बासिन्दाले सहयोग, सद्भाव र सहभागिता दर्शाउनुको पछाडि सम्बन्धित देवीदेवताप्रति उनीहरूमा रहेको अटुट विश्वास, भक्ति, धर्मकर्मप्रतिको आस्था, परम्परागत मूल्य मान्यता, रीतिस्थिति, सामाजिक दायित्व, गुठी व्यवस्था, सबै मिली रमाइलो गरेर आनन्द लिने, नयाँ पिँढीलाई आफ्नो कला संस्कृति, इतिहासबारे जानकारी गराउने आदि उद्देश्यहरू निहित रहेका देखिन्छन् । यसैले उपरोक्त स्थानका स्थानीय बासिन्दाको आपसी एकता, पारस्परिक मेलमिलाप, सहयोग सद्भाव र सहभागिताबाट नै प्रत्येक वर्ष यो जात्रा सम्पन्न हुँदै आएको छ । अस्तु ।

## सन्दर्भ सामग्री

अर्याल, प्रमिला.(जुलाई-सेप्टेम्बर १९९६), 'नेपाली संस्कृतिमा गणेशको महिमा',*रोलम्बा,* १६(३), १९-२४ ।

कायस्थ, बलराम (२०७०), *भक्तपुरको विश्वयात्रा (विस्काः) को सामाजिक-सांस्कृतिक अध्ययन.(* अप्रकाशित विद्यावारिधि शोध प्रवन्ध), त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय ।

खोजु श्रेष्ठ, हरिभक्त (२०४३), *धुलिखेलको सांस्कृतिक सर्वेक्षण* (अप्रकाशित अनुसन्धान प्रतिवेदन), त्रिभुवन विश्वविद्यालय, अनुन्धान महाशाखा ।

गडम्यान, जीम.(१९८१ ई.सं.), *गाइड टु इन्जोइङ नेपलिज फेष्टिभल्स.* काली प्रेस ।

जोशी, हरिराम (२०६०). *नेपालका चाडपर्व,* जोशी रिसर्च इन्स्टिच्युट ।

धौबञ्जार, गोपाल (२०६५), *विस्काः जात्राः अष्ट प्रदेश उत्सव,* जोशी रिसर्च इन्स्टिच्युट ।

*नेपाल वर्षक्रिया,* राष्ट्रिय अभिलेखालय, हस्तलिखितग्रन्थ.माइक्रोफिल्म रिल नं. बी. ४३७/१५: पत्र १ ।

प्रधान, केदारनाथ(पुष-माघ २०४५), 'भक्तपुरको विस्काः जात्रा र यसको प्रागऐतिहासिक महत्व', *प्राचीन नेपाल.* १०९, १३-२३ ।

बलदेव जुजु र श्रेष्ठ, सुरेन्द्रमान ( ने.सं.११०५), *नेपाःया तान्त्रिक द्यः व तान्त्रिक पूजाविधि,* बलदेव जुजु र सुरेन्द्रमान श्रेष्ठ ।

योगी, नरहरीनाथ, (२०१३), *देवमाला वंशावली,* श्री पीरमहन्त क्षिप्रानाथयोगीराज ।

रेग्मी, डी.आर.( ई.सं. १९६६), *मिडियभल नेपाल,* भाग-२, के.एल. मुखोपाध्याय ।

लम्साल, देवीप्रसाद.(२०२३), *भाषा वंशावली.* भाग-२, नेपाल राष्ट्रिय पुस्तकालय ।

वज्राचार्य, गौतमवज्र (२०३३), *हनुमानढोका राजदरबार,* त्रि.वि. नेपाल तथा एशियाली अनुसन्धान केन्द्र ।

वज्राचार्य, धनवज्र.(डिसेम्बर सन् १९८६), 'वर्षकृतिः एक अप्रकाशित थ्यासफू'.*कन्ट्रिब्युसन्स टु नेपलिज स्टडिज.* १४ (१), ७५-९० ।

शर्मा, प्रयागराज.(२०३४), *कुल भूमि र राज्यः नेपालको पूर्वमध्यकालिक सामाजिक अध्ययन,* त्रि.वि. नेपाल तथा एशियाली अनुसन्धान केन्द्र ।

श्री ५ को सरकार (२०३१),*मेचीदेखि महाकाली,* भाग-२, संञ्चार मन्त्रालय, सूचना विभाग ।

श्रेष्ठ, सूर्यभक्त (२०५७), *ऐतिहासिक शहर बोडे : एक परिचय,* भ्mी पुचः ।

–o–